नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल संवत् ११४६
विक्रम संवत् २०८३।०१।१४

विषयः सङ्घीय निजामती सेवा विधेयकको मस्यौदा उपर राय, सुझाव तथा पृष्ठपोषण सम्बन्धमा

**सार्वजनिक सूचना**

सङ्घीय शासन प्रणालीलाई सुदृढ र संस्थागत गर्नका लागि मन्त्रालयले तर्जुमा गरिरहेको सङ्घीय निजामती सेवा विधेयकको प्रारम्भिक मस्यौदा सरोकारवाला निकाय, राष्ट्रसेवक कर्मचारी र आम नागरिकहरूको जानकारी तथा पृष्ठपोषणका लागि मिति २०८३।०१।११ गते यस मन्त्रालयको आधिकारिक वेबसाइट (www.mofaga.gov.np) मा प्रकाशन गरिएको व्यहोरा विदितै छ। उक्त मस्यौदा सार्वजनिक भए पश्चात् उत्साहजनक रुपमा हालसम्म तीनहजार पाँच सय भन्दा बढी राय, सुझाव तथा पृष्ठपोषणहरू प्राप्त भएका छन्। मन्त्रालयले यसका अतिरिक्त विभिन्न सामाजिक सञ्जालमा व्यक्त भएका सुझाव र प्रतिकृयाहरु समेत संकलन विश्लेषण गरिरहेको छ।

विधेयकलाई थप प्रभावकारी बनाउन प्राप्त सुझावहरूलाई व्यवस्थित रूपमा संकलन, अध्ययन तथा विश्लेषण गर्न मन्त्रालयले सो को लागि प्रशासन सुधार महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यसमूह गठन गरी अध्ययन विश्लेषणको कार्य समेत गरिरहेको ब्यहोरा अनुरोध छ। मन्त्रालयले सार्वजनिक गरेको विधेयकको मस्यौदा प्रारम्भिक मस्यौदा भएकोले यसमा सुधारका धेरै क्षेत्रहरु रहेको विषयमा मन्त्रालय अवगत छ। अतः मस्यौदालाई अन्तिम रूप दिनुपूर्व सरोकारवालाहरूबाट प्राप्त सुझावहरू अध्ययन गरी उपयुक्तता र औचित्यको आधारमा समावेश गरिने विषयमा सम्वद्ध सबैलाई आश्वाश्त हुन समेत अनुरोध छ।

यस मन्त्रालयले यसअघि उपलब्ध गराएको सुझाव लिंकका अतिरिक्त अध्ययन कार्यसमूहको adminreformmofaga@gmail.com इमेल तथा Whatsapp नम्वरहरु ९८५१०३६३२४, ९८५११२४४७४, ९८५११६२४७७ मार्फत् समेत आफ्ना राय सुझाव र पृष्ठपोषण पठाउन सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ।

२०८३।१।१४